

# १२ करुणाप्रति प्रेम वा मोह

*<u>यस अध्यायका मूल पदहरू:</u>* मत्ती ६:२५-३३, याकूब १:५-८, २:१५, १६, यशैया ५२:७, १ यूहन्ना ३:१६-१७ र यशैया ५८:१-१०।

***<u>यस अध्यायको मूल सार पद:</u>* "४ सोझा मानिसहरूका निम्ति, साथै अनुग्रही, करुणामय र धर्मी मानिसहरूका निम्ति अन्धकारमा पनि ज्योति उदय हुन्छ। ५ उदार-चित्तले ऋण दिने, र ईमानदारीसाथ आफ्नो कारोबार चलाउने मान्छेको भलो हुन्छ।" (भजनसंग्रह ११२:४-५)।**

दरिद्र, पीडित, असहाय,शोषित,अन्याय, अत्याचारको मारमा परेकाहरूप्रति परमेश्वरको गहिरो चासो वा चिन्ता भएको वयानहरूले बाइबल भरिएको हामीले हेऱ्यौं। सक्रिय भएर तिनीहरूको उत्थानको निम्ति काम गर्न परमेश्वरले हामीलाई आह्वान गर्नुभएको छ भनेर पनि हामीले पढ्यौं। ती मानिसहरूको स्थितिलाई सम्हाल्न परमेश्वरले अगमवक्ताहरूद्वारा परमेश्वरकै जनहरू भनिएकाहरूको जति ध्यानआकर्षण गर्नुभएतापनि फाट्टफुट्ट वा आँशिकरूपमामात्र सो कार्य पूरा भएको थियो र उक्त कार्य अधुरो भइनैरहनेछ। जब अनेकौं अलौकिक घट्नाहरूपछि येशू दोस्रो पल्ट आउनुहुन्छ तब बेथिति र दुष्टको हातमा चलेको यो संसारलाई सदाको निम्ति ठेगाना लगाइनेछ र परमेश्वरको त्यो आह्वानको आवश्यकता फेरि हुनेछैन।

तर आशा गरिएको त्यो समय नआउञ्जेल शैतान र उसका अन्धकारमय अदृष्य दूत वा मतियारहरूले संचालन गरिरहेको संसारमा तिनीहरूको दुष्टताको नौटङ्की वा नाच विभिन्न रङ्गढङ्ग वा प्रकारले चलिनै रहेको हुन्छ। तिनीहरूको दुष्ट्याईंको नाङ्गो नाच बिशेष गरेर यी केही क्रियाकलापहरूमा चलिरहेको पाइन्छः विपन्न वा दरिद्रपनामा, आफ्नै शरिरलाई गरिने दुरुपयोग, साथिभाइ वा देशबिदेशको बीचमा, दवाव वा थिचोमिचो-वर्ग

संघर्षको कारण, लिङ्ग, धर्म, दर्शन, वाद आदिले अरूलाई दवाउने प्रवृत्ति, दासत्व वा जीवन जिउन संघर्ष गर्नेहरूलाई दास वा नोकर बनाउने, शोषण-आर्थिक, सामाजिक, बौद्धिक आदि, स्वार्थपना वा आफ्नो भाऊ खोज्न अरूको खुट्टा तान्न रमाइलो मान्ने र लोभलालच। कतिपय सामाजिक संरचनामा ती दुष्ट कामहरूले मान्यता पाएको हाम्रो संसारमा, (उदाहरणमा, रक्सी चुरोठ आदि खाएर मात्न र अस्वस्थ जीवनशैली अपनाएर स्वइच्छाले आत्महत्या गर्न कतिपय धर्म संस्कार, देश र समाजले इजाजत दिएको हुन्छ) हाम्रो समाज, हाम्रा चर्चहरू र हामीहरूका परिवारहरूले पौडि खेलिरहेको हुन्छ। ती दुष्ट संरचनाको खिलाफमा जान जतिसुकै कठिन भएतापनि यहाँ हामीहरूले उभिन आवश्यक छ। यदि हामी येशूका अनुयायी वा भक्त हौं भनेर दावी गर्छौं भने हामीले उहाँको प्रेमको प्रत्युत्तरमा र  येशूको सेवाकार्य र उहाँको बलिदानको ज्योतिको छत्रछायाँमुनि रहेर परमेश्वरका आदेशहरूको पालन गर्नुको बिकल्प अरू छैन। त्यो पालन गर्न हामीलाई पवित्र आत्माले शक्ति दिनुहुन्छ र अगुवाई गर्नुहुन्छ भन्ने प्रतिज्ञा हामीलाई उपलब्ध गराइएको छ। यदि हामीले प्रभु येशूलाई मध्यनजर राखेर पवित्र आत्माको बलमा चल्न सक्यौं भने हामी करुणामय हुन्छौं, अरूको भलाइको निम्ति सृजनशील हुन्छौं र "जे न्यायोचित छ त्यही गर्न, कृपालाई प्रेम गर्न वा कृपा गर्ने मोहमा लाग्न र हाम्रा परमेश्वरको सामु नम्र वा कोमल भएर हिंड्न" (मीका ६:८ रूपान्तरित) साहसिलो हुनेछौं।

## १. परमेश्वरको राज्यका प्राथमिकताहरू

जुन मानिसहरूले परमेश्वरको राज्यको नागरिकहरू हुने बिषयलाई रोज्दछन् तिनीहरूको जीवनशैली, जीवनको मूल्यमान्यता र प्राथमिकता संसारका अरू मानिसहरूकोभन्दा फरक हुनैपर्छ भनेर स्पष्टरूपमा येशूको शिक्षादीक्षा र नयाँ करारका लेखकहरूले जोड गरेकाछन्।

**मत्ती ६:२५-३४मा येशूले हामीहरूलाई वाचा गर्नुभएको छ। यदि उहाँलाई सचमूचरूपमा प्रेम गर्छौं र विश्वास गर्छौंभने येशूका ती आश्वस्त पार्ने वचनहरूले हामीहरूको प्राथमितामा कसरी प्रभाव पार्न दिनुपर्छ? हेर्नुहोस्: "२५ "यसैकारण म तिमीहरूलाई भन्दछु, 'के खाउँला, के पिउँला' भनी आफ्नो प्राणको निम्ति र 'के लगाउँला' भनी आफ्नो शरीरको निम्ति फिक्री नगर।' के जीवन खानेकुराभन्दा र शरीर लुगाफाटाभन्दा उत्तम होइन? २६ आकाशका**

**चराचुरुङ्गीलाई हेर। तिनीहरूले न त बीउ छर्छन्, न अन्न कटनी गर्छन्, न भकारीमा बटुल्छन्, तर तिमीहरूका स्वर्गका पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। के तिमीहरू तिनीहरूभन्दा बढ़ी मूल्यवान् छैनौ र? २७ तिमीहरूमध्ये कुनचाहिँले फिक्री गरेर आफ्नो आयुमा एक घड़ी पनि थप्न सक्छ?**

**२८ "अनि लुगाफाटाका निम्ति तिमीहरू किन फिक्री गर्दछौ? मैदानका लिली फूललाई हेर, ती कसरी बढ्दछन्। तिनले न परिश्रम गर्दछन्, न धागो कात्छन्। २९ तर म तिमीहरूलाई भन्दछु, सोलोमन राजा पनि आफ्ना सारा वैभवमा तिनीहरूमध्ये एउटा जति आभूषित थिएनन्। ३० आज हुने र भोलि अगेनोमा फालिने घाँसलाई परमेश्वरले यसरी पहिराउनुहुन्छ भने, ए अल्पविश्वासी हो, के तिमीहरूलाई झन् बढ़ी उहाँले पहिराउनुहुनेछैन र? ३१ यसकारण 'के खाऔंला?' कि 'के पिऔंला?' कि 'के पहिरौंला?' भनेर फिक्री नगर। ३२ किनकि अन्यजातिहरूले यी सब थोक खोज्दछन्, र तिमीहरूका स्वर्गमा हुनुहुने पिताले तिमीहरूलाई यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ। ३३ तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्। ३४ यसकारण भोलिको निम्ति फिक्री नगर, किनकि भोलिको दिनले आफ्नो फिक्री आफै गर्नेछ। आजको दुःख आजको निम्ति पर्याप्त छ।"**

हामी केवल खानको निम्तिमात्र होइन र शरीरमा लुगाफाटा लगाउनमात्रै बाँचेका होइनौं वा खाना र शरीर ढाक्ने लुगाभन्दा हामीहरूको प्राण वा जीवन अति महत्त्वपूर्ण छ भनेर येशूले सिकाउनुभएको थियो (मत्ती ६:२५ रूपापन्तरित)। हो, ती सबै थोकहरू महत्त्वपूर्ण छन्, तर ती सबै थोकहरू परमेश्वरको राज्यको रोशनीमा हामीले हेर्नुपर्दछ। त्यसको अर्थ जब हामी येशूलाई विश्वास गर्न पुग्छौं तब हाम्रो प्राथमिकतालाई परमेश्वरको इच्छा अनुसार व्यवहारिक र वास्तविकरूपमा हेर्नु जरुरी छ (यो पनि याद गर्नुहोस् परमेश्वरको राज्यमा विधिविधान वा दश आज्ञा छ जसमा ६ दिन काम गर्न अर्ती होइन आदेश दिइएको छ। ६ दिन केही परिश्रम नगर्ने तर परमेश्वरको राज्यको खोजि गर्दैछु भनेर हप्ताको एक दिन चर्चमा अरूको मुख ताक्ने प्रवृत्तिलाई परमेश्वरको संविधान वा दश आज्ञाले इजाजत दिएको छैन भनेर यी अनुवादक जिकिर गर्दछ)।

अरूको सेवा गर्न र उत्थान गर्न हामीलाई आह्वान गरिएको छ भनेर बाइबलभरि दिइएको सत्यतालाई जब हामी स्वीकार्दछौं तब हामीहरूको

प्राथमिकतामा त्यो काम समावेश गरि हामी येशूको पाइलामा हिँड्ने प्रयास गर्नेछौं। आदर्शरूपमा हेर्ने हो भने त्यो आह्वानले हामीले हामीलाई भन्दा अरूको हित र उत्थानको निम्ति हाम्रो जीवन केन्द्रित हुनुपर्छ। जब हाम्रो प्राथमिकतालाई परमेश्वरको ढाँचामा चलाउँछौं तब हाम्रो सम्बन्ध जीवन परिवर्तन हुन जान्छ। सरकारमा रहेका प्रशासकहरू वा हामीमाथि शासन गर्नेहरूका आज्ञाहरू सकेसम्म पालन गर्नुपर्छ, तिनीहरूको अधीनमा बस्नुपर्छ र तिनीहरूलाई आदर गर्नुपर्छ भनेर येशूभक्तहरूलाई बाइबलले यसरी सिकाउँदछः "१ हरेक व्यक्ति शासन गर्ने प्रशासकहरूका अधीनमा बसोस्। परमेश्वरबाट आएको अधिकारबाहेक अरू कुनै अधिकार हुँदैन। जुन प्रशासकहरू छन्, ती परमेश्वरबाटै नियुक्त भएका हुन्। २ यसकारण प्रशासकहरूका विरुद्धमा खड़ा हुनेले परमेश्वरबाट नियुक्त भएकाहरूको विरोध गर्छ, र जस-जसले विरोध गर्छन्, तिनीहरूले दण्डको आज्ञा पाउनेछन्। ३ किनभने सुकर्मको निम्ति होइन, तर कुकर्मको निम्ति शासकहरूको डर मानिन्छ। के तिमी प्रशासकको डरमा रहन चाहँदैनौ? त्यसो भए, असल काम गर, र तिमीलाई तिनीबाट प्रशंसा मिल्नेछ। ४ किनकि तिम्रो भलाइको निम्ति तिनी परमेश्वरका सेवक हुन्। तर यदि तिमी खराबी गर्छौ भने डर मान, किनभने तिनले तरवार व्यर्थमा भिर्दैनन्। खराब काम गर्नेमाथि परमेश्वरको दण्ड ल्याउने तिनी परमेश्वरका सेवक हुन्। ५ यसकारण परमेश्वरको दण्डबाट बच्नलाई मात्र होइन, तर विवेकको निम्ति पनि तिमी तिनका अधीनमा रहनुपर्छ। ६ यसैकारणले पनि तिमी कर तिर्दछौ। किनकि प्रशासकहरू यसै कामको निम्ति निरन्तर लागिरहेका परमेश्वरका सेवक हुन्। ७ तिर्नुपर्ने कुरा सबैलाई तिर– कर तिर्नुपर्नेलाई कर, महसूल तिर्नुपर्नेलाई महसूल, आदर गर्नुपर्नेलाई आदर, इज्जत गर्नुपर्नेलाई इज्जत गर।" (रोमी १३:१-७)।

तर त्यसैबखत जब हामीमाथि शासन गर्नेहरूले परमेश्‍वरका नीतिहरूसँग बिमति जनाउँछन् तब पत्रुसका यी आवाजलाई घन्काउनपर्ने आवश्यकता पर्दछः "हामीले मानिसहरूलाई भन्दा परमेश्वरको अधीनमा बस्न वा उहाँको आज्ञा पालन गर्नु जरुरी छ!" (प्रेरित ५:२९ रूपानतरित)। परमेश्वरलाई मान्ने ठूलो कि सरकारलाई मान्ने ठूलो भनेर जब धर्मका गुरुहरूले येशूलाई धरापमा पार्न सार्बजनिकरूपमा सोधेका थिए तब उहाँले ती दुई क्षेत्रलाई संतुलनमा राखि येशूले यसरी जवाफ दिनुभयोः "सम्राट सिजरको जे हो त्यो उनैलाई फर्काऊ र परमेश्वरको जे हो सो उहाँलाई फर्काऊ" (मत्ती

२२:२१ रूपान्तरित। पैसाको सिक्कामा सम्राट सिजरको शिर कुँदिएको थियो)। शासन गर्न अधिकार पाएकाहरू आफ्नो शक्तिलाई प्रदर्शन गर्न मानिसहरूलाई धम्कि दिन्छन् र बलजफ्ती गर्दछन्। जनतालाई डर र त्रास देखाएर कतिपय अख्तियारवालाहरूले आफ्नो अधिकारलाई सम्हाल्न खोज्छन्। येशूकै जीवनमा हामीले हेर्‍यौं कि उहाँलाई विश्वास गरेर जिउँदैमा वा हामी येशूभक्त हौं र विश्वासद्वारा जिउँछौं भन्दैमा दुष्ट काम वा दुष्टहरू सबै क्रियाकलापमा नम्र, कोमल भएर चुपचाप विरोध नगरि बस्छन् भनेर देखाइएको छैन (राजा हेरोदले येशूलाई दमन गरि उनको अगाडि अचम्मको काम गर्न हुकुम दिएका थिए। तर त्यो हुकुम मान्न येशूले आफ्नो नैतिक वाध्यता ठान्नुभएन। उहाँ मर्न तयार हुनुभयो तर राजाको अगाडि झुक्नु भएन-अनुवादकको थप टिप्पणी)। एलेन जी ह्वाइट रहेकै बेलामा पनि अमेरिकामा दासप्रथालाई सरकारी मान्यता दिइएको थियो। त्यस मामिलामा उहाँले यो वक्तव्य दिनुभएको थियो: "जब मानिस वा देशको कानुन परमेश्वरको वचन र आज्ञासँग बाझिन्छ भने जुनसुकै परिस्थिति भोग्नुपरेतापनि हामीले परमेश्वरकै आज्ञा मान्नुपर्दछ। जब हाम्रो देशको कानुनले भागेको दासलाई समातेर उसको मालिकलाई सुम्पन्नुपर्छ भनेर भन्दछ तर त्यो कानुनलाई मान्नु उचित छैन साथै देशको त्यो कानुन बिपरीत हामी चल्दा हामीले जे सजायँ भोग्नु पर्छ त्यो सजायँ भोग्न तयार हुनुपर्दछ। कोही पनि दास वा नोकर कुनै पनि मानिसको सम्पत्ति होइन। परमेश्वरनै उसको आधिकारिक स्वामी हुनुहुन्छ। परमेश्वरले आफ्नै हातले सृजनुभएका मानिसलाई उहाँबाट खोसेर मेरो भन्ने अधिकार कसैको छैन।"-टेस्टिमोनिज फर द चर्च, ठेली १, पृ. २०१,२०२बाट रूपान्तरित।

**शासक वा हामीहरूमाथि शासन गर्ने अधिकारिक व्यक्तिहरूका हुकुम पालन गर्नु र निरङ्कुस शासकहरूको शिकार बनि पीडित भएकाहरूको बिरुद्धमा खडा हुनुको बीचमा हामी कसरी खडा हुने? कुन ठिक कुन बेठिक छ भनेर छुट्याएर हामीले कसरी जिउने?**

## २. दयामाया र करुणा देखाउँदा पेलान वा थकाइमा पर्नु

जतिसुकै असल नियतले असल काम गरेतापनि यस संसारमा समस्या र दु:खकष्ट यथावतै रहन्छ त्यसकारण, केही नगरूँ भन्ने भावनाले हामीलाई छोप्न खोजेतापनि हामीमा कतिपय मानिसहरू छन् जो केही न केही गरौं जसले

गर्दा दुःखमा परेकाहरूलाई उकास्न सकौं भनेर अग्रसर भइरहेका हुन्छन्। दुष्टको मारमा परेर कष्ट भोगिरहेकाहरूलाई सकारात्मक सहयोग गर्न हामीमा धेरै असल मनिस्थितिहरू र काम गर्ने जाँगर हुनु आवश्यक छन्।

**करुणा, दया, सहानुभूतिः** चोटमा परेकाहरूका दुःखकष्टप्रति संवेदनशील भएर परानुभूति वा उनीहरूको दुःख पनि आफ्नै दुःख सम्झिने खुबी हुनु तिनीहरूको लागि केही गरूँ भन्ने हृदय जगाउने पहिलो कदम हो। हाम्रा वरिपरि रहेका मानिसहरूको पीडाप्रति हामी संवेदनशील हुनुपर्छ र तिनीहरूलाई आफ्नो गच्छे अनुसार केही न केही सहयोग गर्ने भावना जगाइरहनुपर्छ। आजभोलि मानिसहरूले "दया गर्दा गर्दा थाकिसकें" भन्ने भावनाको बारेमा चर्चा गर्छन्। त्यसको अर्थ, हाम्रा वरिपरि भइरहेका दुःखकष्ट र बियोगका कथाहरू धेरै छन्, जति सहयोग गरेतापनि बालुवामा पानी हाले जस्तो हुन्छ र कतिपय समयमा यसले हाम्रो जाँगरलाई मार्छ र हाम्रो खल्ती नै खाली गरिदिन्छ, सबैलाई सहयोगको खाँचो छ, सबैलाई सहयोग गर्न सक्दैनौं भन्ने भावना हात बाँधेर बस्ने मनस्थिति हो। येशूका वरिपरि रहेका खराब तत्व र दुःखकष्टप्रति उहाँ अत्यन्तै सजग हुनुभएको थियो। तर उहाँ ती समस्याहरूबाट टाढा हुन कुनै कुटीमा गएर लुक्नुभएन। अरुलाई करुणा देखाउनुपर्छ भनेर भाषणमात्र गर्नुभएन तर उहाँ तिनीहरूको माझमा करुणा र दया देखाउँदै सक्रिय हुनुभएको थियो। यदि हामी पनि उहाँका अनुयायी हौं भनेर दावी गर्छौं भने हामीले हरेस नखाइ उहाँको अनुसरण गर्नै पर्छ।

**शिक्षाः** कतिपय अन्याय अत्याचार र दरिद्रता ल्याउने परिस्थितिहरू धेरै छन्। तिनीहरूको बारेमा जानियो र सिकियो भने त्यसलाई केही न केही गरूँ भन्ने भावना जगाउँछ। कतिपय समयमा असल नियतले काम गर्ने प्रयास गरेतापनि तिनीहरूले गर्दा सहयोग पाउने मानिसहरूको जीवनमा हानी पुऱ्याइरहेको धेरै उदाहरणहरू छन्। त्यस स्थितिले केही नगर्ने बहाना बनाउनु मनासिव छैन। राम्रोसँग सोचेर, बुझेर र जानेर सहयोग गर्ने तत्परता देखाउनुपर्दछ।

**प्रार्थनाः** जब हामी कुनै समस्या देख्छौं वा समस्यामा पर्छौं हामीहरूको पहिलो सोच वा प्रतिक्रिया तुरन्तै केही गरि हालौं भन्ने हुन्छ। तर हामीले चाल्ने पहिलो कदमभन्दा पहिले प्रार्थना गर्नु उत्तम कदम हो भनेर बाइबलले हामीलाई बुझाउन खोज्छ। हामीहरूको प्रार्थनाले दुःख,कष्ट र रोग भोगिरहेका, गरिबी, शोषण र दवावमा परेकाहरूको जीवनमा फरक पार्नसक्छ।

तिनीहरूमाथि शासन गर्नेहरूको मन कमलो बनाउन पनि हामीहरूको प्रार्थनाले सहयोग गर्दछ। यस सन्दर्भमा पावलले यसरी व्यक्त गर्दछन्: "१ सर्वप्रथम म आग्रह गर्दछु, कि सबै मानिसहरूका निम्ति नम्र-निवेदन, प्रार्थना र मध्यस्थ-बिन्ती र धन्यवाद चढ़ाइऊन्, २ राजाहरू र सबै उच्च पदमा भएकाहरूका निम्ति पनि, ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं। ३ हाम्रा मुक्तिदाता परमेश्वरको दृष्टिमा यो असल र ग्रहणयोग्य छ।" (१ तिमोथी २:१-३)। हामीले जुनसुकै काम गर्दा वा अरूको सहयोग गर्नुपर्दा परमेश्वरको अगुवाई माग्नु हाम्रो कुनै पनि बाटोभन्दा असल बाटो हो। हितोपदेशमा यो अर्ती दिएको छ "६ किनभने परमप्रभुले बुद्धि दिनुहुन्छ, र उहाँको मुखबाट ज्ञान र समझशक्तिका कुराहरू निस्कन्छन्। ७ उहाँले ईमानदारको लागि आफ्नो भण्डारमा विजय साँचेर राख्नुभएको छ, जसको चाल निर्दोष छ तिनीहरूका लागि उहाँ ढाल हुनुहुन्छ, ८ किनभने उहाँले न्यायको मार्ग रक्षा गर्नुहुन्छ, र आफ्ना विश्वासयोग्य भक्तजनहरूको बाटो सुरक्षित राख्नुहुन्छ। ९ तब धार्मिकता न्यायसङ्गत र उचित के हो– साथै हरेक असल मार्ग के हो तिमीले बुझ्नेछौ।" (हितोपदेश २:६-९)।

**आशा वा अपेक्षा गर्नु**: व्यक्तिगत परिस्थिति वा वातावरण, सामाजिक र राजनैतिक परिस्थिति जतिसुकै जटिल भएतापनि जब दुःखीलाई उकास्न खोज्छौं त्यसले असल परिणाम ल्याउँछ भनेर अपेक्षा वा आशा गर्नु जरुरी हुन्छ। अवसर नपाएकाहरूलाई अवसर दिने र तिनीहरूले नै निर्णय गर्नसक्ने वातावरण बनाइदिँदा मानिसहरूको भलो हुन्छ भन्ने आशा हाम्रो हुनुपर्छ। कतिपय समयमा अवसर पाएका मानिसहरूले अवसरको दुरुपयोग वा वेवास्ता गर्दा हामीलाई चित्त दुःख्न सक्छ वा निराश पार्न सक्छ। तर तिनीहरूको निर्णयलाई हामीले सम्मान गर्नु जरुरी छ। दुःखकष्ट पाएकाहरूको निम्ति जुनसुकै तरिकाले सहयोग गर्न हामीले कोशिश गरेतापनि हामीले यो सुनौलो नीति हाम्रो अगुवा नीति हो भनेर मान्नु उत्तम हुन्छः "तिमीहरूलाई अरूहरूले जे गरेको चाहन्छौ त्यही तिनीहरूलाई तिमीहरूले गर्नु।" (मत्ती ७:१२ रूपान्तरित)।

**याकूब १:५-८ पढ्नुहोस्। येशूका भक्तहरूले कुनै काम गर्दा प्रार्थनालाई कस्तो महत्त्वपूर्ण भूमिका खेल्न दिनुपर्दछ? अरूको निम्ति प्रार्थनाको जवाफ पाउन हामीले के गर्न सक्छौं भनेर याकूब २:१५-१७ले कसरी**

बताउँछ? हेर्नुहोस्ः "५ तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ। ६ तर त्यसले कत्ति पनि शङ्का नगरी विश्वाससाथ मागोस्। शङ्का गर्नेचाहिँ बतासले उचाल्दै पछार्दैगर्ने समुद्रका छालसमान हुनेछ। ७ त्यस्तो मानिसले यो नसम्झोस्, कि उसले प्रभुबाट केही पाउनेछ। ८ किनकि दोहोरो मन भएको मानिस उसका सबै चालचलनमा अस्थिर हुन्छ।" (याकूब १ः५-८) र "१४ मेरा भाइ हो, यदि कोही मानिसले "मसित विश्वास छ" भन्छ, तर कामचाहिँ गर्दैन भने, यसबाट के लाभ? के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ र? १५ यदि कोही भाइ वा बहिनी झुत्रे-झाम्रे छ, र त्यसलाई दिनहुँको भोजनको अपुग छ, १६ र तिमीहरूमध्ये कसैले त्यसलाई, "शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ" मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र? १७ यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो।" (याकूब २ः१४-१७)।

## ३. उदारता तथा बिशाल हृदय

"जसले प्रशन्न हृदयले दिन्छ त्यस्तो मानिसलाई परमेश्वरले प्रेम गर्नुहुन्छ" (२ कोरन्थी ९ः७ रूपान्तरित)। खुला दिलले दिनु वा सहयोग गर्नु येशूभक्तको जीवनको एक महत्त्वपूर्ण पक्ष हो। पैसाको मामिलामा र दिने मामिलामा बाइबलको परिधिभित्र रहेर चल्नु पर्दछ। बिशाल हृदय वा उदार हुनु भनेको केवल राम्रै कामको लागि भएपनि पैसा फ्याँक्ने होइन। बरू जसले परमेश्वरको भय मान्छ वा उहाँको श्रद्धा गर्छ उसको जीवनमा अपनाइने विभिन्न मनस्थितिमा उदारता एक अत्यन्तै महान् गुण हो र उसमा हुनुपर्ने विभिन्न असल स्वभाव वा गुणहरूमा यो एक मूल गुण वा स्वभाव हो। परमेश्वरलाई विश्वास गरेर उदारहुनेहरूप्रति उहाँको दृष्टिकोण कस्तो छ भनेर भजन ११२मा धेरै पल्ट उल्लेख गरिएको छः "१ परमप्रभुको प्रशंसा गर। त्यो मानिस धन्यको हो, जसले परमप्रभुको भय मान्दछ, र उहाँका आज्ञाहरूमा ज्यादै प्रसन्न हुन्छ। २ त्यसको वंश देशमा शक्तिशाली हुनेछ, सोझा मानिसहरूको पुस्ताले आशिष् पाउनेछ। ३ त्यसको घरमा धन-सम्पत्ति रहन्छ, र त्यसको धार्मिकता सदा रहिरहन्छ। ४ सोझा मानिसहरूका निम्ति, र साथै अनुग्रही, करुणामय र धर्मी मानिसहरूका निम्ति अन्धकारमा पनि ज्योति उदय हुन्छ। ५ उदार-चित्तले ऋण दिने, र ईमानदारीसाथ आफ्नो कारोबार चलाउने

मान्छेको भलो हुन्छ। ६ धर्मी जन कहिले पनि डगमगाउँदैन, त्यसको सम्झना सदासर्वदा रहनेछ। ७ अशुभ समाचारले त्यो कहिले पनि डराउँदैन, परमप्रभुमा भरोसा गरेर त्यसको हृदय स्थिर रहन्छ। ८ त्यसको हृदय सुरक्षित रहन्छ, र त्यो डराउनेछैन। अन्त्यमा त्यसले आफ्ना शत्रुहरूलाई विजयमा हेर्नेछ। ९ त्यसले उदारतासाथ दरिद्रहरूलाई दान दिएको छ,
त्यसको धार्मिकता सधैंभरि दिगो रहन्छ, सम्मानपूर्वक त्यसको शिर उच्च राखिनेछ। १० दुष्ट मानिस यो देखेर कुँड़िन्छ, त्यसले दाह्रा किट्नेछ, अनि नष्ट हुनेछ। दुष्ट मानिसको अभिलाषा निष्फल हुन्छ।"

**यदि हामी परमेश्वरका सन्तान हौं भनेर दावी गर्छौं वा येशूभक्त हौं भनेर सबैको अगाडि फुकेर हिँड्छौं भने हामीमा उहाँको उदारताको गुण हुन कत्तिको आवश्यक छ जसले गर्दा हामीभन्दा निम्न वा आवश्यकतामा परेकाको खाँचो टार्न सक्दछौं? देहायका पदहरूले के भन्छ? हेर्नुहोस् "३५ यदि तिमीहरूका इस्राएली दाजुभाइमध्ये कोही अति गरीब भएर आफ्नो देखभाल गर्न सकेन भने, तिमीहरूले नै परदेशी पाहुनालाई जस्तै गरी त्यसलाई सहायता दिनू, कि त्यो तिमीहरूसित बसिरहन सकोस्। ३६ त्यसलाई ऋण दिंदा ब्याज वा नाफा नलिनू। तिमीहरूले आफ्ना परमेश्वरको भय मान्नू, र तिमीहरूको दाजुभाइ तिमीहरूसितै बसिरहोस्। ३७ त्यसलाई तिमीहरूले ब्याजमा रुपियाँ नदिनू। खानेकुरो पनि त्यसलाई नाफा नगरी दिनू। ३८ तिमीहरूलाई कनान देश दिन र तिमीहरूका परमेश्वर हुनलाई मिश्रबाट तिमीहरूलाई निकालेर ल्याउने म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।" लेवीहरू २५:३५-३८, "३३ हे परमप्रभु, तपाईंका विधिहरू पालन गर्न मलाई सिकाउनुहोस्, र अन्त्यसम्म म ती पालन गर्नेछु। ३४ मलाई समझशक्ति दिनुहोस्, र म तपाईंको व्यवस्थाअनुसार चल्नेछु, अनि सम्पूर्ण हृदयले त्यो पालन गर्नेछु। ३५ तपाईंका आज्ञाहरूको मार्गमा मलाई चलाउनुहोस्, किनकि त्यसैमा म हर्षित हुन्छु। ३६ मेरो हृदयलाई तपाईंका कानूनतिर फर्काउनुहोस्, *स्वार्थपूर्ण लाभतिर होइन*।" भजनसंग्रह ११९:३३-३६, "८ मैले यो आज्ञाको रूपमा भनेको होइनँ, तर अरूहरूको जोशसँग तुलना गरेर तिमीहरूको प्रेम पनि साँचो हो भन्ने प्रमाणित गर्नलाई मैले यो भनेको हुँ। ९ किनकि हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूलाई थाहा छ, उहाँ धनी हुनुहुन्थ्यो, तरै पनि तिमीहरूका खातिर उहाँ गरीब हुनुभयो, ताकि उहाँको गरीबीबाट तिमीहरू धनी हुन सक। १० अब यस विषयमा चाहिँ मेरो सल्लाह यही छ- एक वर्षअघि जुन दिने काम तिमीहरूले सुरु गरेका मात्र होइन,**

तर त्यो गर्ने उत्कट इच्छा पनि गरेका थियौ, त्यसलाई अब पूरा गर्नु तिमीहरूका
निम्ति असल हुन्छ। ११ इच्छा गर्नमा तिमीहरूको जुन तत्परता थियो
त्यसैमुताबिक आफ्नो औकातअनुसार दिएर यस कामलाई पूरा गर। १२
किनभने दिने तत्परता छ भने मानिससित भए अनुसारको दान नै ग्रहणयोग्य
हुन्छ, नभएअनुसारको होइन। १३ तिमीहरूलाई भार होस् र अरूलाई हलुका
होस् भनेर मैले यो भनेको होइनँ, *१४ तर समानताको हिसाबले यस वर्तमान*
*समयमा तिमीहरूको प्रशस्तताबाट तिनीहरूको अभाव पूरा होस्, र तिनीहरूको*
*प्रशस्तताले तिमीहरूको अभाव पूरा गरिदेओस्। यसरी सबैमा समानता होस्,* १५
जसो लेखिएको छ, "धेरै बटुल्नेसित बढ़ी केही रहेन, र कम बटुल्नेहरूलाई
अभाव भएन।" २ कोरिन्थी ८:८-१५, "१६ यसैबाट प्रेम के हो हामी थाहा
पाउँछौं, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो। हामीले पनि आफ्ना
दाजुभाइहरूका निम्ति आफ्नो प्राण दिनुपर्छ। १७ *कसैसित संसारको धन-*
*सम्पत्ति छ, र पनि आफ्ना दाजुभाइलाई खाँचोमा परेको देख्दा उनीहरूप्रति*
*आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ? १८*
*साना बालकहरू, वचन र बोलीले मात्र हामी प्रेम नगरौं, तर काम र सत्यताले*
*प्रेम गरौं*। १९ यसैबाट हामी जान्न सक्छौं कि हामी सत्यका हौं, र यसरी
उहाँको सामुन्ने हाम्रा हृदयलाई ढाड़स दिन सक्छौं। २० जब हाम्रो हृदयले
हामीलाई दोष दिन्छ, हामी जान्दछौं परमेश्वर हाम्रो हृदयभन्दा महान् हुनुहुन्छ, र
उहाँले सब थोक जान्नुहुन्छ। २१ प्रिय हो, हाम्रो हृदयले हामीलाई दोष दिएन
भने परमेश्वरको सामुन्ने हामीलाई साहस हुन्छ। २२ हामी जे माग्छौं, सो
उहाँबाट पाउँछौं, किनभने हामी उहाँका आज्ञा पालन गर्छौं, र उहाँलाई मन पर्ने
कामहरू गर्छौं। २३ उहाँको आज्ञा यही हो, कि हामीले उहाँका पुत्र येशू
ख्रीष्टको नाउँमा विश्वास गर्नुपर्छ, र उहाँले हामीलाई आज्ञा दिनुभएबमोजिम
एउटाले अर्कोलाई प्रेम गर्नुपर्छ। २४ उहाँका आज्ञा पालन गर्नेहरू सबै उहाँमा
रहन्छन्, र उहाँ तिनीहरूमा रहनुहुन्छ। उहाँले हामीलाई दिनुभएको पवित्र
आत्माद्वारा हामी जान्दछौं, कि उहाँ हामीमा वास गर्नुहुन्छ।" १ यूहन्ना ३:१६-
२४ र "१७ यस संसारका धनीहरूलाई घमण्डी नहुने आज्ञा देऊ, र अनिश्चित
सम्पत्तिमा होइन तर हामीलाई हरेक थोक प्रशस्तसँग उपभोग गर्न दिनुहुने
परमेश्वरमाथि तिनीहरूले आशा राखून्। १८ तिनीहरूले असल कार्य गरून्, र
असल कामहरूमा धनी, उदार-चित्त र दानी होऊन्। १९ यसरी आफ्नै लागि

**भविष्यको असल जग बसाल्न सकून्, ताकि तिनीहरूले त्यो जीवन पक्रिराखून् जो साँच्ची नै जीवन हो।" १ तिमोथी ६:१७-१९।**

परमेश्वरको उदारता अत्यन्तै पूर्णरूपमा येशूद्वारा व्यक्त गरिएको थियो भनेर पावलले आफूले लेखेका पत्रहरूमा बारम्बार उल्लेख गर्दछन्। हामीलाई अति प्रेम गर्नुभएर हाम्रो निम्ति उहाँले अर्पण गर्नुभएको जीवननै हामी येशूभक्तहरूका निम्ति आशाको स्रोत हो। हाम्रो निम्ति उहाँ मर्नुभएकोले हामीले अरुप्रति उदार हुने सङ्कल्प गर्नु हाम्रो जिम्मेवारी हुन जान्छः "४ मेरा प्रार्थनाहरूमा जब म तिमीलाई स्मरण गर्दछु तब म मेरा परमेश्वरलाई सधैं धन्यवाद दिन्छु, ५ किनकि प्रभु येशूमाथिको तिम्रो विश्वासको विषयमा र सन्तहरूप्रति तिम्रो प्रेमको विषयमा सुन्दछु। ६ *म प्रार्थना गर्दछु कि तिम्रो विश्वासको सहभागिताले ख्रीष्टमा भएका हाम्रा सबै असल कुराका ज्ञानको वृद्धि गर्न सकोस्*। ७ मेरा भाइ, तिम्रो प्रेमबाट मैले धेरै आनन्द र सान्त्वना पाएको छु, किनकि तिमीद्वारा सन्तहरूका हृदय फेरि ताजा भएका छन्।" (फिलेमोन ४-७)।

उदार वा बिशाल हृदय हुनु भनेको जीवनको त्यो मनस्थितिलाई अङ्गाल्नु हो जुन् बिशाल, सुरो र सबैलाई समेट्न सक्ने खुबी हुनु हो। कतिपय दर्शन, वाद, व्यक्तिका जीवनहरूले, समाजले, संस्कार वा धर्मले हामी आफैलाई केन्द्रविन्दु बनाउन उक्साउँछ। जतिसक्यो धेरै जे पाउँछौं त्यो हाम्रै निम्ति थुपार्नुपर्छ भन्ने यस संसारको नीति हो। यस मामिलामा हामीले नहिच्किच्याइ हामीलाई नै हेरौं। हामी जहिले पनि म, मेरो, मलाई भन्ने भावनालाई उच्च प्राथमिकता दिन रुचाउँछौं। यदि हाम्रो हृदयको गद्दीमा येशूलाई बस्न दियौं भने त्यो म भन्ने प्रवृत्तिलाई मार्दछौं ("म सधैं मर्छु" भनेर पावलले भन्दछन्-१ कोरन्थी १५:३१)। अनि हामी जे गर्छौं, जे कमाउँछौं अरूको निम्ति जिउन गरेका हौं भन्ने भावनाले प्रेरित हुन जान्छौं। हामीमा भएको विश्वासले संसार र यसमा भएका मानिसहरूलाई परमेश्वरको आँखाले हेर्न दिइन्छ, दुवै असल र तिनीहरूको टुटेका जीवनहरू। यसले गर्दा आवश्यक परेकाहरूलाई हाम्रो गच्छे अनुसार सहयोग गर्न हामी उक्सिन्छौं वा अग्रसर हुन्छौं।

जब कुनै शुद्ध परोपकारीय संस्था वा सामाजिक संस्था र चन्दा सङ्कल गर्ने व्यक्ति तपाईंको ढोकामा आउँछ र तपाईंले उदारतापूर्वक दिनुहुन्छ तब त्यसको सराहना वा कृतज्ञ उसले व्यक्त गर्दछ। तपाईंले पनि

आफ्नो जीवनको गुणस्तर बढेको महसुस गर्नुहुन्छ। यस खालको उदारता सिधै व्यवहारिक र लेखाजोखा हुनेखालको हुन्छ। तर धेरै पैसा वा चन्दा दियो भन्दैमा त्यो मानिसको हृदय उदार र बिशाल भएको प्रमाणित हुन्छ भन्ने होइन। यस सन्दर्भमा आफू कति धर्मात्मा छु वा बिशाल छु भनेर देखाउने मानिसको भन्डाफोर गर्दै येशूले भन्नुहुन्छ "३८ तब शिक्षा दिनुहुँदा येशूले भन्नुभयो, "शास्त्रीहरूदेखि होशियार रहो। तिनीहरू लामो वस्त्र लाएर यताउता डुल्न र बजारहरूमा अभिवादन पाउन, ३९ तथा सभाघरहरूमा प्रमुख स्थान र भोजहरूमा आदरको स्थान पाउन रुचाउँछन्। ४० तिनीहरू विधवाहरूका घर लुट्छन्, तर लोकाचारको लागि लामो-लामो प्रार्थना गर्दछन्। यस्ता मानिसहरूले अझ बढ़ी दण्ड पाउनेछन्।" ४१ अनि उहाँ मन्दिरको भेटी चढ़ाउने ठाउँको सामुन्ने बस्नुभयो, र भीड़ले भेटीपात्रमा भेटी चढ़ाएको हेर्नुभयो। धेरै धनी मानिसहरूले ठूला-ठूला रकम चढ़ाए। ४२ अनि एउटी गरीब विधवाले आएर तामाका दुई सिक्का, अर्थात् एक पैसा चढ़ाई। ४३ आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाएर उहाँले तिनीहरूलाई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, भेटीपात्रमा चढ़ाउनेहरूमध्ये यस गरीब विधवाले सबैभन्दा बढ़ी चढ़ाई। ४४ किनभने सबैले आफ्नो-आफ्नो प्रशस्तताबाट चढ़ाए, तर यस स्त्रीले चाहिँ आफ्नो दरिद्रताबाट आफ्नो सारा जीविका नै अर्पण गरी।" (मर्कूस १२:३८-४४)। उदार वा बिशाल हृदय भएको मानिसको जीवन फराकिलो वा मानिसले देखे भन्दा ठूलो र मूल्यवान हुन्छ। धेरै चन्दा दियो भन्दैमा त्यो मानिस उदार छ भन्ने प्रमाणित हुँदैन। सबै क्षेत्रमा उदार हुने आत्मा वा जोशको आवाद गर्नु र त्यसको सराहना गर्ने बानी बसाल्नु आवश्यक छ। धेरैजसो मानिसमा उदारता आफै आउँदैन। त्यसको निम्ति हामीमा अनुग्रहको आवश्यकता छ। हाम्रो स्वभाव पापी भएतापनि वा स्वार्थी भएतापनि यदि हामीमा अनुग्रह छ भने हामी उद्देश्यप्रेरित भएर चल्दछौं र अरूको भलोमा सक्रिय हुन जान्छौं।

**पैसा दिएर उदारता देखाउनुको सट्टा अरू कुन कुन कामहरूले हामीमा बिशाल हृदय छ भनेर देखाउन सक्छन्?**

## ४. शान्तिको निम्ति पहल

**मत्ती ५:९मा येशूले भन्नुभएको छः "धन्य मेलमिलाप गराउनेहरू (वा शान्ति ल्याउनेहरू), किनभने तिनीहरू परमेश्वरका छोराहरू कहलाइनेछन्।"**

**जुन खालको संसारमा हामी छौं मेलमिलाप गर्नेहरूलाई येशूले स्यावासी दिनुभएको उक्त नीतिलाई हामी कसरी पालना गर्न सक्छौं? त्यस मामिलामा हामी कतिको सफलता हासिल गर्नसक्छौं? विशेष गरेर संसारमा बेथिति, आतङ्क र युद्ध हुनु आवश्यक नै छ भनेर येशूले नै भविष्यवाणी गर्नुभएको सन्दर्भमा के हामी शान्तिसँग रहन दिन र रहन सक्छौं र? हेर्नुहोस्: "जब तिमीहरूले लड़ाइँ र लड़ाइँहरूको हल्ला सुन्नेछौ, तब नडराओ। यस्ता घटनाहरू हुनु आवश्यक छ। तर अन्त्यको दिन आउनु अझ बाँकी नै छ।" (मर्कूस १३:७)।**

घरेलु हिंसा होस् वा देश देशको बीचमा हुने हिंसा होस्, जातजातिको नाउँमा हुने सामाजिक हिंसा होस् वा धर्मको नाउँमा हुने हिंसा होस्, हिंसात्मक द्वन्द्वले मानिसहरूले अनेकौं दुःखकष्ट पाइरहेका हुन्छन्। विश्वका देशहरूको हतियारको होडबाजीले गर्दा मानिसहरू सिधै त्यसको शिकार भइरहेकाहुन्छन् र कतिका परिवारहरूको जीवन क्षतबिक्षत भइरहेको हुन्छ। अन्धाधुन्धरूपमा सैनिक अस्त्रहरूको निम्ति देशका मुख्य आर्थिक स्रोतहरू र ध्यान गइरहेको हुन्छ यदि ती स्रोतहरू दुःख भोगिरहेका मानिसहरूको उत्थानको निम्ति प्रयोग गर्न सकिएको भए यो संसार कस्तो हुने थियो होला? युद्धमा होमिएर कष्ट भोगिरहेका र "बहादुर" भनेर कहलाइने तर कष्ट पाइरहेका भूतपूर्व सैनिकहरूलाई पनि ती आर्थिक स्रोतहरू परिचालन गर्न सकिन्थ्यो। अनि सानोतिनो झगडा, द्वन्द्वहरू हन्छन् जसले अनगिन्ति परिवार र समाजका जीवनहरूमा घाऊ पारिरहेको हुन्छ। न्यायको निम्ति भोको हुनेहरूमा शान्ति ल्याउने कामलाई वेवास्ता गर्न सक्दैनन्।

परमेश्वरको अनुग्रह र मानिस र उहाँको बीचमा मेलमिलाप वा शान्ति ल्याउने महान् प्रक्रियालाई नै येशूको सुसमाचारको मुटु मानिन्छ। हेर्नुहोस्: "१६ अब उप्रान्त हामी कसैलाई मानिसको दृष्टिकोणले हेर्दैनौं। हामीले ख्रीष्टलाई एक समय मानिसको दृष्टिकोणले हेरेका थियौं, तर अब उप्रान्त उहाँलाई त्यसरी हेर्नेछैनौं। १७ यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। *१८ यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो, १९ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। २० यसकारण हामी ख्रीष्टका राजदूतहरू हौं, र*

*परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ। ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं, कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ। २१ किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।"* (२ कोरिन्थी ५:१६-२१)।हामी परमेश्वरसँग यसकारण मिल्न गयौं ताकि हामी उहाँका "राजदूतहरू" हुनसकौं र त्यही शान्ति र मेलमिलाप अरूमा पनि फैलाउन हामी सक्षम् हुनसकौं।

**यशैया ५२:७ लाई पनि आत्मसात् गरेर हामी कसरी जिउन सक्छौं? "सुसमाचार प्रचार गर्नेहरूका पाउ डाँड़ाहरू हुँदो कति सुन्दर छन्, जसले शान्तिको घोषणा गर्दछन्, जसले शुभ समाचार ल्याउँछन्, जसले उद्धारको घोषणा गर्दछन्, जसले सियोनलाई भन्दछन्, "तेरा परमेश्वरले राज्य गर्नुहुन्छ।"**

यस हिंसा नै हिंसाले छाएको संसारमा शान्तिको निम्ति प्रयास गर्न शान्तिको सुसमाचार हाम्रो निम्ति उर्जा, प्रेरणा, ढाँचा र स्रोत हुनसक्छः "जसको हृदयले परमेश्वरसँग तालमेल गर्छ त्यो व्यक्ति स्वर्गको शान्तिमा सहभागी हुनसक्छ। त्यस मानिसको उपस्थितिले उसको वरिपरि रहेका मानिसहरूलाई आशिषको झरी पार्न सक्छ। संसारमा भइरहेका झैंझगडाको कारणले पेलान र थकान भएका हृदयहरूमा प्रभुको जनले दिने शान्तिको चेतना शीत जस्तै खसेर तिनीहरूको हृदय ताजा हुनसक्छ।"-एलेन जी ह्वाइट, *द थटस फ्रम माउन्ट अभ ब्लेशिङ्ग,* पृ. २८बाट रूपान्तरित।

डाँडामा दिनुभएको उपदेशमा येशूले भन्नुभएको थियो "धन्य वा स्यावास मेलमिलाप गर्ने वा शान्ति ल्याउनेहरू किनकि तिनीहरू परमेश्वरका छोराछोरीहरू भनेर कहलाइनेछौ।" (मत्ती ५:९ रूपान्तरित)। यसलाई अझ अगाडि बढाएर हत्या नगर्नु भन्ने आज्ञाप्रति प्रतिवद्धता जनाउँदै उहाँले भन्नु भयो हामीले कसैसँग रिस गर्नु हुँदै वा ईबि राख्नुहुन्नः "२१ "तिमीहरूले सुनेका छौ, प्राचीन समयका मानिसहरूलाई यसो भनिएको थियो, 'तैंले हत्या नगर्नू', र जसले हत्या गर्छ त्यो दण्डको योग्य हुनेछ।' २२ तर म तिमीहरूलाई भन्दछु, जो कोही आफ्नो भाइसँग क्रोध गर्दछ त्यो दण्डको योग्य हुनेछ, र जसले आफ्नो भाइको अपमान गर्दछ, त्यो महासभामा जवाफदेही हुनेछ। तर जसले आफ्नो भाइलाई 'तँ मूर्ख' भन्छ, त्यो नरकको आगोमा पर्ने जोखिममा हुनेछ। २३ "यसकारण तिमीले वेदीमा आफ्नो भेटी चढ़ाउँदा तिम्रो भाइको हृदयमा तिम्रो विरुद्धमा केही छ भन्ने तिमीलाई याद भयो भने, २४ तिम्रो भेटी त्यही वेदीको

सामु छोड, र जाऊ। पहिले आफ्नो भाइसँग मिलाप गर, र त्यसपछि आएर आफ्नो भेटी चढ़ाऊ। २५ "तिम्रो वादीसँग अदालतमा जाँदा बाटोमै मिलाप गरिहाल, नत्रता वादीले तिमीलाई न्यायाधीशको हातमा सुम्पिदेला र न्यायाधीशले अफिसरको हातमा सुम्पिदेलान्, र तिमी झ्यालखानमा पर्नेछौ। २६ साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीले एक-एक पैसा चुक्ता नगरुञ्जेल तिमी त्यहाँबाट उम्कनेछैनौ।" (मत्ती ५:२१-२६)। हाम्रा शत्रु वा हाम्रो नाश खोज्नेहरूलाई माया गर्नु र जसले हामीलाई सताउँछ वा पीडा दिन्छ त्यसको निम्ति प्रार्थना गर भनेर उहाँले उहाँका भक्तहरूलाई यसरी निर्देशन दिनुहुन्छः "४३ "तिमीहरूले यसो भनेको सुनेका छौ, 'तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर।' ४४ तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, ४५ र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ। उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ। ४६ किनभने यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूलाई के इनाम छ? के महसूल उठाउनेहरूले पनि त्यसै गर्दैनन् र? ४७ तिमीहरूले आफ्ना दाजुभाइहरूलाई मात्र अभिवादन गर्छौ भने अरूहरूले भन्दा बढ़ी के गर्‍यौ र? के अन्यजातिहरूले पनि त्यसै गर्दैनन् र? ४८ यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ।" (मत्ती ५:४३-४८)। उहाँले भन्न खोज्नुभएको अर्थ यो हो कि असल कामको निम्ति हामीबाटै सक्रिय कदम चाल्नुपर्दछ। यस संसारमा धेरै प्रेरणादायी मानिसहरूका कथाहरू छन् जसले द्वन्द्व र हिंसाको कारण अन्याय, अत्याचार र कष्टमा परिरहेकाहरूको निम्ति मेलमिलाप वा शान्तिको निम्ति आफ्नो जीवन दिएका थिए। कष्टहरूबाट मुक्त गरेर मानिसहरूलाई उत्थान गर्न प्राणै दिने बीरहरूको कमि पनि यस संसारमा छैन।

**तपाईंको समाजमा शान्ति ल्याउन तपाईं वा तपाईंको स्थानीय चर्चले कस्तो सक्रिय भूमिका खेल्न सक्छ?**

## ५. आवाजबिहीनहरूको निम्ति आवाज

"चुपचाप बस्ने पनि समय छ र बोल्नुपर्ने पनि समय छ" भनेर राजा सोलोमनले लेखेका थिए। उनले व्यक्त गरेको भावना ठिक थियो। कहिले बोल्ने र कहिले नबोल्ने भन्ने समय थाहा पाउन हामी सबैको निम्ति त्यतिको

सरल छैन। यद्यपि, दबिएका र थिचिएकाहरूको निम्ति आवाज उठाउन नसक्नेहरूको निम्ति र खराबलाई असलद्वारा जित्न खोज्ने कार्यको प्रयास नगर्दा के हाम्रो चर्च चुपचाप भएर उभिरहँदा गलत पक्षमा त उभिरहेका हुँदैनौं? के पीडितहरूको निम्ति पनि आवाज उठाएर सुनाउने प्रयास हामीले गर्नुपर्दैन र? इसाईहरू येशूका हात र खुट्टाहरू हुन् भनेर कतिपय समयमा चर्चा गरिन्छ। त्यसको अर्थ येशूले हामीलाई अन्हाउनुभए अनुसार व्यवहारिकरूपमा यसले सेवा गरेर देखाउने हाम्रो जिम्मेवारीलाई व्याख्या गर्छ। तर बाइबलमा देखाए अनुसार परमेश्वरका जनहरूको काम उहाँको मुखपत्र वा अगमवक्ताद्वारा हुने हो। जसको पक्षमा परमेश्वर आवाज उठाउन चाहनुहुन्छ त्यो आवाज उहाँका जनहरू हुनुपर्छ भन्ने उहाँको पहिलो आह्वान होः "६ उहाँ स्वर्ग र पृथ्वी, समुद्र र त्यसमा भएका यावत् थोकका सृष्टिकर्ता हुनुहुन्छ। परमप्रभु सदाकालको निम्ति विश्वासयोग्य रहनुहुन्छ। ७ उहाँले अत्याचारमा परेकाहरूका पक्षमा न्याय दिनुहुन्छ,
र भोकाहरूलाई भोजन दिनुहुन्छ। परमप्रभुले कैदीहरूलाई मुक्त गरिदिनुहुन्छ।
८ परमप्रभुले अन्धाहरूका आँखा खोलिदिनुहुन्छ। परमप्रभुले दबिएकाहरूलाई उठाउनुहुन्छ। परमप्रभुले धर्मीजनलाई प्रेम गर्नुहुन्छ। ९ विदेशीहरूलाई परमप्रभुले रक्षा गर्नुहुन्छ! अनाथ र विधवालाई उहाँले सँभाल्नुहुन्छ, तर दुष्टहरूका युक्तिहरू उहाँले विफल पार्नुहुन्छ। १० परमप्रभुले सदासर्वदा राज्य गर्नुहुनेछ, ए सियोन, तिम्रा परमेश्वरले पुस्तौं-पुस्तौंसम्म राज्य गर्नुहुनेछ। हल्लेलूयाह!" (भजनसंग्रह १४६:६-१०)।

**अगमवक्ता यशैयाले उनको समयमा र उनको परिवेशमा विशेष सन्देश दिएका थिए। तर आजको परिप्रेक्ष्यमा पनि के त्यो सन्देश सान्दर्भिक वा महत्त्वपूर्ण छ त? यशैयाले आवाज उठाएको समयमा र अहिलेको समयमा कतिको परिवर्तन भएको छ त? हेर्नुहोस्ः "१ "चर्को गरी करा, नथाम्। तुरहीको आवाज जस्तै उच्च सोरले करा। मेरो प्रजालाई तिनीहरूको बागीपन र याकूबको घरानालाई तिनीहरूका पाप जनाइदे। २ किनकि तिनीहरूले मलाई दिनहुँ खोज्छन्। जे ठीक छ त्यही गर्ने र आफ्ना परमेश्वरको आज्ञा भङ्ग नगर्ने तर मेरो मार्ग जान्न इच्छा गर्ने जातिजस्तै तिनीहरू देखिन्छन्। तिनीहरू मसँग उचित निर्णयहरू माग्छन्, र परमेश्वर तिनीहरूका नजिकै आऊन् भनी उत्सुक भएका देखिन्छन्। ३ तिनीहरू भन्छन्, 'हामीहरू उपवास बस्यौं, र किन तपाईं देख्नुहुन्न? हामीहरू विनम्र भयौं, र किन तपाईं ध्यान दिनुहुन्न?' "तापनि**

तिमीहरूका उपवासको दिनमा तिमीहरू आफ्नै इच्छा पूरा गर्दछौ, र तिमीहरूका कामदारहरू सबैलाई तिमीहरू शोषण गर्दछौ। ४ तिमीहरूका उपवासको दिन लड़ाइँ र झगड़ामा अन्त्य हुन्छ र एउटाले अर्कालाई दुष्ट मुक्काले हिर्काउँछौ। तिमीहरू आजको जस्तो उपवास बसेर तिमीहरूको सोर स्वर्गमा सुनिने आशा गर्न सक्दैनौ। ५ के मैले चुनेको उपवास यस्तै हो? मानिसले आफैलाई एक दिन मात्र विनम्र राख्ने? के निगालोझैं आफ्नो शिर झुकाउने र भाङ्ग्रा र खरानी ओछ्याउने दिन मात्र यो हो? के यसैलाई तिमीहरू उपवास र परमप्रभुको निम्ति ग्रहणयोग्यको दिन भन्छौ? ६ "अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होइन र? ७ आफ्नो भोजन भोकासित बाँड़चूँड़ गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु– नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र? ८ तब तिमीहरूको ज्योति बिहानझैं फुटेर निस्कनेछ, र तिमीहरू चाँड़ै निको हुनेछौ। तब तिमीहरूको धार्मिकता तिमीहरूका अगिअगि जानेछ, र परमप्रभुको महिमाचाहिँ पछिल्तिरको रक्षक हुनेछ। ९ तब तिमीहरूले पुकार गर्नेछौ, र परमप्रभुले जवाफ दिनुहुनेछ। तिमीहरूले सहायताको निम्ति बिन्ती गर्नेछौ, र उहाँले भन्नुहुनेछ, 'म यहीँ छु'। "यदि तिमीहरूले आफ्ना बीचबाट अत्याचारको जुवा फालिदियौ, अरूलाई औंला ठाड़ो गर्न र ईर्ष्यापूर्ण कुरा बोल्न त्याग्यौ, १० अनि सम्पूर्ण हृदयले तिमीहरूले आफैलाई भोकाहरूका निम्ति दियौ, र अत्याचारमा परेकाहरूको आवश्यकता पूरा गरिदियौ भने, तिमीहरूको ज्योति अँध्यारोमा चम्कनेछ र तिमीहरूको रात मध्यदिनजस्तै हुनेछ। ११ परमप्रभुले तिमीहरूलाई निरन्तर डोऱ्याउनुहुनेछ, र घामको उखुम गर्मी परेका ठाउँहरूमा पनि तिमीहरूलाई सन्तुष्ट पार्नुहुनेछ, र तिमीहरूका हाड़हरूलाई बलिया पार्नुहुनेछ। तिमीहरू प्रशस्त पानीले भिजाएको बगैंचाझैं र नसुक्ने पानीको मूलझैं हुनेछौ। १२ तिमीहरूका मानिसहरूले पुराना भग्नावशेष फेरि बनाउनेछन्। धेरै पुराना जगहरू तिनीहरूले उठाउनेछन्। तिमीहरू 'भत्केका पर्खालहरू निर्माण गर्ने' र 'बस्ने घरहरूका निम्ति बाटो फेरि नयाँ बनाउनेहरू' भनिनेछौ। १३ "तिमीहरूले मेरो शबाथ-दिन तोडेनौ र मेरो पवित्र दिनमा आफूखुशी गरेनौ भने, र परमप्रभुको शबाथलाई आदरणीय ठान्यौ, र आफ्नो इच्छाअनुसार नगरी यस दिनलाई मान्यता दियौ र यसमा आफ्नो खुशी नगरी व्यर्थका कुरा गरेनौ भने, १४ तिमीहरू परमप्रभुमा रमाहट पाउनेछौ, र म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र म तिमीहरूलाई

**तिमीहरूका पुर्खा याकूबको उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु।" परमप्रभुको मुखैले यसो भन्नुभएको छ।" (यशैया ५८)।**

देशमा भइरहेका अन्याय र अत्याचारको बिरुद्धमा अगमवक्ताहरूले आवाज उठाउँदा तिनीहरू कहिल्यै पनि प्रख्यात भएका थिएनन्। तर तिनीहरूले परमेश्वरको आदेशल अनुसार न्यायको निम्ति उहाँको तिब्र चाहनाको आवाज उठाएका थिए। दलित वा अछुत भनेर पन्छाइएका, दविएका, दरिद्र, पिछडिएका, शोषित वर्गको दुर्दशा देखेर तिनीहरूले हृदय सहानुभूतिले भरिएका थिए। ती मानिसहरूको असल समाज गठन गर्ने अगमवक्ताहरू आवाजविहीनहरूको निम्ति आवाज भएका थिए। ती आवाजहरू उठाउँदा तिनीहरूले घोर विरोधको सामना जतातत‍ै गर्नुपरेको थियो, तिनीहरूले अनेकौं यातना र खतरा भोग्नुपरेको थियो। यस सन्दर्भमा पत्रुसले आफ्नो भावना यसरी पोखाउँछन्ः "१३ यदि तिमीहरू भलाइको निम्ति उत्साहित छौ भने, तिमीहरूको हानि गर्ने को हुन्छ र? १४ तर धार्मिकताको खातिर दुःख भोग्नैपरे तापनि तिमीहरू धन्यका हौ। तिनीहरूका धम्कीको डर नमान, र भयभीत नहोओ। १५ तर ख्रीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर। तिमीहरूमा भएका आशाको विषय कसैले सोधपूछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धासाथ गर। १६ तिमीहरूका विवेक शुद्ध राख, ताकि तिमीहरूको विरोधमा बोल्ने र ख्रीष्टमा तिमीहरूका चालचलनको निन्दा गर्नेहरू लज्जित होऊन्। १७ यदि परमेश्वरको यस्तै इच्छा छ भने, खराबी गरेर दुःख भोग्नुभन्दा भलाइ गरेर दुःख भोग्नु नै असल हो। १८ किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन ख्रीष्ट पनि पापहरूका निम्ति सदाको लागि एक चोटि मर्नुभयो। उहाँ शरीरमा मारिनुभयो– धर्मी जन अधर्मीहरूका निम्ति- तर आत्माद्वारा जीवित पारिनुभयो।" (१ पत्रुस ३ः१३-१८)।

यस संसारमा येशूलाई प्रतिबिम्ब गर्न र हामीले बुझेको सुसमाचार अनुसार यस संसारमा भएका खराबी तत्वहरूको सामना गर्न सेभेन्थ-डे एडभेन्टिस्टहरू पनि धेरै असल थोकहरूले सजिएका हुन्छन्। उदाहरणमाः "दरिद्रतालाई कम गर्न र अन्यायमा परेकाहरूको निम्ति आवाज उठाउन इसाई समाज जिम्मेवार छ भनेर सेभेन्थ-डे एडभेन्टिस्टहरूले विश्वास गर्दछन्। जो आफूहरूलाई सम्भार वा स्याहार गर्न सक्दैनन् र विपन्नवर्गप्रति परमेश्वरको विशेष चासो छ र उहाँका अनुयायीहरूले तिनीहरूको सेवा गरेको परमेश्वर अपेक्षा गर्नुहुन्छ भनेर बाइबलले स्पष्टरूपमा खुलाएको छ। यस संसारमा

जन्मिने सबै मानव प्राणीहरू उहाँकै हुन् र परमेश्वरका आशिषहरूको उपभोग गर्ने तिनीहरूको अधिकार छ। येशूले भन्नुभयोः "२० तब उहाँले आफ्ना चेलाहरूमाथि नजर उचालेर भन्नुभयोः "धन्य तिमी, दीन हुनेहरू, किनभने परमेश्वरको राज्य तिमीहरूकै हो।" (लूका ६:२०)। जब हामी दीनहिन, दरिद्र र विपन्न वर्गहरूको सेवा गर्छौं तब हामी उहाँको शिक्षा र उदाहरणको अनुसरण गरेका हुन्छौं (ती वर्गहरूको सेवा गर्नेहरूलाई येशूले यो प्रतिज्ञा दिनुहुन्छः "३४ "तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। ३५ किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ। ३६ नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ। झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ।' ३७ "तब धर्मीजनहरूले उनलाई जवाफ दिनेछन्, 'हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान दियौं? अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं? ३८ कहिले हामीले तपाईंलाई परदेशी देख्यौं, र तपाईंलाई आश्रय दियौं? अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं? ३९ र कहिले हामीले तपाईंलाई बिरामी वा झ्यालखानमा देख्यौं, र तपाईंकहाँ आयौं?' ४० "तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी *मेरा भाइहरूमध्ये* सबैभन्दा सानामा एक जनालाई जे-जति गर्‍यौ, त्यो तिमीहरूले मलाई नै गर्‍यौ।' मत्ती २५:३४-४०)। आत्मिक समूदाय भएकोले सेभेन्थ-डे एडभेन्टिस्टलाई विपन्नर आफ्नो निम्ति आवाज उठाउन नसक्नेको निम्ति र अधिकारहरूबाट बंचित भएका विपन्नवर्गको निम्ति न्यायको वकालत गर्न आह्वान गरिएको छ। ("८ "त्यस्ताहरूको पक्षमा बोल्, जो आफ्नो पक्षमा बोल्न सक्दैनन्, यस्ताहरूका अधिकारको निम्ति जो कङ्गाल छन्। ९ आवाज उठा र न्यायसँग फैसला गर्। गरीब र दीन-हीनको अधिकारको रक्षा गर्।" हितोपदेश ३१:८-९ र "१ धिक्कार तिनीहरूलाई, जसले अन्यायी व्यवस्था बनाउँछन्, तिनीहरूलाई जसले अत्याचारी विधि निकाल्छन्। २ गरीबहरूका हक खोस्न र थिचोमिचोमा परेका मेरा प्रजाहरूका न्याय नगर्न, विधवाहरूलाई शिकार बनाउन र टुहुरा-टुहुरीहरूका धन लुट्नलाई तिनीहरूले यसो गर्छन्।" यशैया १०:१-२)। गरिब र विपन्नवर्गहरूको न्याय सम्हाल्न हामी परमेश्वरसँग सहभागी हुन्छौं।"-

बिश्वमा रहेका गरिबहरूको निम्ति सेभेन्थ डे एडभेन्टिस्टले निकालेको आधिकारिक वक्तव्य, जुन २४, २०१०।

## उपसंहारः

थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित, *द मिनिस्त्री अभ हिलिङ्ग,* पृ. ५०३-५१६को "अ हाइयर इक्स्पिरियन्स" र *टेस्टिमोनिज फर द चर्च,* ठेली ३, पृ. ५११-५२६को "ड्युटी टु द अनफोर्च्युनेट" र "मानस ड्युटी टु हिज फेलो मेन" र *टेस्टिमोनिज फर द चर्च, ठेली २,* पृ. २४-३७को "डुइङ्ग फर द क्राइस्ट।"

"हाम्रो सहानुभूति र सहयोगको आवश्यकता भएकाहरूलाई करुणाका कामहरू गर्दा कस्तो महान् शक्तिशाली सत्य प्रकट हुन्छ भन्ने तथ्य स्वर्ग र पृथ्वीमा खोजेर पाइँदैन। यो येशूमा भएको आत्मज्ञान वा सत्य हो। जब येशूको नाउँ लिन्छु भनेर दावी गर्नेहरूले सुनौलो नियमका नीतिहरू पालन गर्दछन् तब प्रेरितहरूको समयमा भएकै शक्ति सुसमाचार प्रचारमा उपस्थित हुँदछन्।"-एलेन जी ह्वाइट, *थटस् फ्रम द माउन्ट अभ ब्लेशिङ्ग,* पृ. १३७बाट रूपान्तरित।

"स्वर्गको परमेश्वर पिताले हामीलाई प्रदान गर्नुहुने सर्वश्रेष्ठ उपहार नै परमेश्वरप्रति सर्वोच्च प्रेम र एक आर्काप्रतिको निश्वार्थ प्रेम हो। हामीमा गाडिएको प्रेम क्षणिक, भावात्मक वा आवेगमा हुने र तुरन्तै सुकेर जाने प्रेम होइन, तर यो ईश्वरीय नीति हो जसमा स्थायी शक्ति सञ्चित हुन्छ। जो मानिस मुखलेमात्र इसाई हुँ भन्छ र आफ्नो जीवन पूरा र इमान्दारिपूर्वक येशूमा अर्पित गरेको हुँदैन त्यस मानिसको हृदयमा दिव्य प्रेम उमार्न सकिँदैन न त उत्पादननै गर्न सकिन्छ। परमेश्वरबाट प्रवाहभएको प्रेम केवल त्यस हृदयमामात्र रहनसक्छ जहाँ येशूले राज्य गर्नुहुन्छ।...यस खालको प्रेम जब हृदयमा सजाइन्छ तब यसको शुद्ध प्रभाव वरिपरि सबैतिर फैलिएको हुन्छ।"-एलेन जी ह्वाइट, द आक्टस अभ आपोस्टल्स, पृ. ५५१बाट रूपान्तरित।

## चिन्तनमननः

अ) **जसरी येशूले हाम्रो निम्ति काम गर्नुभयो त्यसरी नै हामीले पनि अरूको सेवा गर्न सुसमाचारको प्रेरणा र ढाँचाले हामीलाई निरन्तर घचघच्याइरहेको हुन्छ। यो तथ्य हामीले**

यस अध्यायमा हेऱ्यौं। परमेश्वरले हामीलाई के गर्नुभयो र उहाँले हामीलाई कसरी प्रेम देखाउनुभयो सो बुझ्दा सुसमाचारप्रति तपाईंको बुझाइ र सराहना कसरी फराकिलो भएको छ?

आ) आवाज उठाउन नसक्नेहरूको निम्ति आवाज बनेर, शान्ति र त्यस्तै खालको परोपकारीय क्रियाकलापमा संलग्न हुँदा हामीप्रति सार्वजनिक र राजनैतिक निकायहरू आकर्षित हुनसक्छन्। यद्यपि, चर्च र राज्य अलग हुनुपर्छ भनेर आवाज उठाउनेहरूमा सेभेन्थ-डे एडभेन्टिस्ट अग्र स्थानमा छ। यस परिप्रेक्ष्यमा अनुचित तवरले राजनैतिक अभियानमा भाग नलिइकन सार्वजनिकरूपमा शान्तिको आवाज उठाउन र त्यसको निम्ति सक्रिय कसरी हुने?

इ) यस अध्यायमा समाजमा पिछडिएको, शोषित र पीडित वर्गलाई सहयोग गर्ने प्रत्येक येशूभक्तको कर्तव्य हो भनेर हामीले हेऱ्यौं। तपाईंले कमसेकम के एक कदम चाल्न सक्नुहुन्छ जसले गर्दा हामीले अध्ययन गरेको कुरा व्यवहारमा उतार्न सकियोस्?

ई) तपाईंको समाजमा र बृहत संसारमा के दुष्टता र दवाव तथा शोषणको विषय  छ जसको निम्ति तपाईंले प्रार्थना गर्ने निर्णय गर्नुभएको छ?

**सारांशः** यदि हामीले इमान्दारिपूर्वक येशूलाई पछ्यायौं भने हाम्रो जीवनका उद्देश्यहरूमा धेरै परिवर्तन आउन सक्छ। गरिब, पिछडिएको, दलित, दुर्व्यवहार आदिमा परेका मानिसहरूप्रति परमेश्वरको सक्रिय चासोमा हामी पनि गहिरोरूपमा सहभागी हुन तत्पर हुनेछौं। यो काम गर्न कहिल्यै पनि सरल छैन न त त्यस्तो लोकप्रिय नै छ। तर हामीमा भएको परिवर्तनले हाम्रो प्राथमिकतामा असर पार्नेछ र हाम्रा वरिपरिका दुःखकष्ट आदिले चोत पाएकाहरूको सेवा गर्न सक्रिय हुन हामीलाई अग्रसर गराउँदछ।

## कथा १२

## मलामी गएको बेलामा येशूलाई विश्वास गर्न पुग्छ

## कोसिटिला टिटो, ३३, फिजी

जब टिटोको बुबाको मृत्यु भयो तब कसैले त्यहाँ उसलाई सहयोग गर्न चाहेनन्। एक जनाले भन्यो, "तिम्रो बुबाको निम्ति चर्चको विधि अनुसार अन्त्येष्टी गर्न पाउँदैनौं।" *"जा, तेरो बाऊलाई तैंले नै लगेर गाड" अर्कोले ठाडो हुकुम गऱ्यो।*

फिजीको दुर्गम क्षेत्रमा रहेको गाउँ नाकाभिकामा टिटो र उसको बुबा बस्दथे। जब उसको बुबा सेभेन्थ-डे एडभेन्टिस्ट भए त्यस दिनदेखि सबै गाउँलेहरूले उनलाई बहिस्कार गरेका थिए। टिटोलाई पनि तिनीहरूले हेला गरेका थिए। तिनीहरू अर्कै सम्प्रदायका इसाईहरू थिए।

आफ्नो बाबुको निम्ति विधिपूर्वक इसाई संस्कार अनुसार अन्त्येष्टि गर्न चाहेकोले उसले आफ्नो काका गाउँको मुखियासँग अनुरोध गऱ्यो। त्यस मुखियाले चर्चको बिधि अनुसार अन्त्येष्टी गराउन स्वीकार त गरे तर चर्चको विधि अनुसार अन्त्येष्टि गर्ने हो भने टिटोले एडभेन्टिस्ट चर्च खडा गरेर त्यहींबाटै अन्त्येष्टि गर्नुपर्ने बताए। त्यस गाउँको कुनै पनि अरू चर्चमा टिटोको बुबाको अन्त्यष्टि गर्न टिटोले अनुमति पाएन।

त्यसकारण जसोतसो गरेर टिटोले सानो छाप्रो बनायो। अन्त्येष्टिको सेवाकार्यमा उसका आफन्तहरूको भिड लागेको थियो। एडभेन्टिस्ट चर्च पास्टरले मानिस मरेपछि के हुन्छ भन्ने विषयमा प्रवचन दिए।

त्यो प्रवचन सुनेर टिटोको मनमा ठूलो धक्का लाग्यो। मानिस मरेपछि सिधै स्वर्ग जान्छ भनेर उसले सधैं विश्वास गरेको थियो। तर मृत्यु भनेको निन्द्रामात्रै हो र यूहन्ना ११मा उल्लेख गरिएको लाजरसको कथा अनुसार येशूले मृत्युलाई निन्द्रा भनेर सम्बोधन गर्नुभएको पास्टरले बताए। दिदीले टिटोलाई पास्टरले भनेको कुरो ठिक हो कि होइन आफैले हेर भनेर बाइबल दिइन्। उसले यूहन्ना ११मा भएका वचनहरू पढ्यो र पास्टरले भनेका वचनहरू बाइबलकै मुताविक भएको उसले देख्यो। अनि पास्टरले १ थेस्सोलिनिकी ४:१५-१८ पढे जहाँ येशूको दोस्रो आगमनमा मरेकाहरू चिहानबाट बिउँतिनेछन् भनेर यसरी लेखिएको छः "१५ प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म

बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं। १६ किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।" फेरि, टिटोले बाइबलमा हेरेर पास्टरले ठिक भनेको हो कि होइन भनेर हेऱ्यो। आफ्नो चर्चमा उसले बाइबल कहिल्यै पनि पढेको थिएन।

जब अन्त्येष्टि पछि मानिसहरू खानपिनमा लाग तब टिटोले एडभेन्टिस्ट पाहुनाको हात समात्न पुग्यो। "मेरो परिवारको घरमा आउनुहोस्। मानिस मरेपछि के हुन्छ भनेर अरू पनि थाहा पाउन म चाहन्छु" उसले पास्टरलाई अनुरोध गऱ्यो। एडभेन्टिस्ट विश्वासी टिटोसँग उसको घरमा गयो र उसलाई मानिस मरेपछि के हुन्छ भनेर बाइबलमा दिएका वचनहरू पढेर सुनायो। टिटोले अरू धेरै जान्न चाहेको थियो त्यसकारण अरू बढी सिकाउन अर्को दिन पनि आउन अनुरोध गऱ्यो। तर टिटोकी श्रीमती भिकाले बाइबल अध्ययनमा भाग नलिने निर्णय गरेकी थिइन्। त्यसकारण जब एडभेन्टिस्ट उनको घरमा आउँथे तब उनी र अरू दुई साना छोराछोरीहरू अर्कै कोठामा ढोका लगाएर बस्थे। दुई महिनाको बाइबल अध्ययन पछि टिटो बप्तिस्माको बारेमा अध्ययन गर्न पुग्यो र आफू पनि एडभेन्टिस्ट हुने घोषणा गऱ्यो। जब उसले त्यो निर्णय गऱ्यो तब उनकी श्रीमती धुरुधुरु रोइन्। "हामीहरूको विश्वास एकै भएकोले मैले तपाईंसित विवाह गरेकी हुँ। यदि तपाईं एडभेन्टिस्ट बन्नु हुन्छ भने म तपाईंसँग बस्दिनँ। हामीसँग दुई छोराछोरीहरू छन्। एक जना म राख्छु अर्को तपाईं राख्नुहोस्।" कडा भएर भिकाले टिटोसँग प्रस्ताब राखिन्। टिटोले यस कुरामा दुःख मनाऊ गऱ्यो तर उनकी श्रीमती आफ्नो निर्णयबाट यताउति नजाने भइसकेकी थिइन्। "भिका, अहिलेदेखि मेरो जीवनमा परमेश्वर नम्बर एकमा हुनुहुन्छ भने तिमी नम्बर दुईमा। तर एउटा कुरा म तिमीलाई बाचा गर्छु। पहिले पहिले मैले तिमीलाई ५० प्रतिशतमात्र प्रेम गरेको थिएँ भने अब मैले येशूलाई भित्री हृदयदेखि विश्वास गरेकोले मेरो प्रेम तिमीमा १०० प्रतिशत हुनेछ" आफ्नो मनको कुरो टिटोले राख्यो। बप्तिस्मापछि टिटोले भिकालाई भन्यो कि उनलाई आइतबार चर्च जानबाट रोक्दिन। टिटोले शनिबारमा कुनै खाना पनि नपकाउन र लुगा

पनि नधुन उनलाई अऱ्हायो र ती ऊ आफैले आइतबार गर्छु भनेर भिकालाई सुनायो। एक महिनापछि आफ्नो श्रीमान पहिलाभन्दा फरक भएको भिकाले महसुस गरिन्। जब टिटोले स्कूलमा सिकाउने काम गरिसकेपछि भट्टी पसलमा आफ्नो साथीसँग जान छोड्यो। घरमा चुरोठ रक्सी खान र जथाभावि ख्याल ठट्टा गर्न साथीहरूलाई पनि बोलाउन छोड्यो। बरू काम सक्ने बित्तिक्कै घरमा सिधै आउन थाल्यो र उनीसँग र छोराछोरीहरूसँग समय बिताउन थाल्यो। उसले रक्सी पनि पिउन छोड्यो, चुरोठ खान पनि छोड्यो र जथाभावी मुख छोड्न पनि छोड्यो।

एक दिन आफ्नो श्रीमान टिटोलाई नजिक बोलाएर भिकाले यसो भनिन् "टिटो, तपाईं त पहिले भन्दा फरक भएको मैले भेट्टाएको छु। हामी पहिला कति झगडा गर्थ्यौं अब हामी झगडा गर्दैनौं। तपाईं र ममा धेरै कचकच हुन्थ्यो अब छैन। अहिले हामी परिवारभएर सँगसँगै बिताउँछौं। यदि सत्यले तपाईंलाई परिवर्तन गरेको छ भने म पनि सत्यलाई सिक्न चाहन्छु।" टिटोले भिकाको निम्ति प्रार्थना गरिरहेको थियो। यो कुरा सुनेर उसको हर्षको सिमा नै रहेन। तिनीहरूलेसँगसँगै प्रार्थना गरे। बाइबल अध्ययनको निम्ति उसले व्यवस्था गऱ्यो। अनि छिट्टै उनले बप्तिस्मा पनि लिइन्।

आज वर्ष ३३को टिटो हप्ताभरि स्कूलमा सिकाएपछि साबथ दिनमा साबथ स्कूल पाठ पढाउँछ। भिकाले बालसङ्गतिको नेतृत्व गर्छिन्। उसले गाउँका मानिसहरूलाई बाइबल सिकाउँछन् र उसले गर्दा दुई जनाले बप्तिस्मा लिइसकेका छन्।

शनिबार चर्च जान थाल्दा उसले स्कूलमा धेरै समस्याको सामना गर्नुपऱ्यो। एकदिन उसको डेस्कमा कसैले पिसाब फेरि दिएको थियो। अर्को दिन उसको बारेमा अत्यन्तै अपशब्दहरू स्कूलको पर्खालमा लेखिएको थियो। जब जड्याँहा गाउँलेले उसलाई चक्कुले मार्छु भनेर धम्किदिएपछि स्कूलको प्रिन्सिपलले पुलिसलाई बोलाउनु परेको थियो।

तर जे भएतापनि सुसमाचार सुनाउन आफू कहिल्यै पछि नहट्ने पक्षमा टिटो छ। उसले यो प्रार्थना गर्दछः "प्रभु, म तपाईंका वचनहरू मेरो गाउँका सबैलाई सिकाउन राजी छु। यी अन्तिम दिनहरूमा मलाई सहयोग गर्नुहोस्।"

*-आन्ड्र्यु मेकचेस्नी*